## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड २. संख्याः १०.मितिः २३/११/२०७५

भाग-२

रघुगंगा गाउँपालिका

## आधारभूत शिक्षा परीक्षा सञ्चालन,अनुगमन तथा व्यवस्थापन कार्यविधि, २०७५

## भाग २  खण्ड २ संख्या १० मितिः२३/११/२०७५

## आधारभूत शिक्षा परीक्षा सञ्चालन,अनुगमन तथा व्यवस्थापन कार्यविधि, २०७५

## रघुगंगा गाउँपालिकाको कार्यलय, म्याग्दी

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधान, २०७२ को अनुसूची ८ को क्रमसंख्या ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज)(१४) मा रहेको आधारभूत तहको परीक्षा सञ्चालन अनुगमन तथा व्यवस्थापनसम्बन्धी कार्य गर्न  रघुगंगा गाउँ सभाबाट प्रत्यायोजित अधिकार प्रयोग गरी  रघुगंगा कार्यपालिकाले आधारभूत शिक्षा परीक्षा सञ्चालन अनुगमन तथा व्यवस्थापन कार्यविधि, २०७४ जारी गरेको छ ।

### परिच्छेद : एक

### प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम आधारभूत शिक्षा परीक्षा सञ्चालन अनुगमन  तथा व्यवस्थापन कार्यविधि,२०७५ रहेको छ ।(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२) परिभाषा :

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले शिक्षा मन्त्रालय अन्तर्गतको शिक्षा विभाग सम्झनु पर्छ ।

(घ) "'गाउँ पालिका" भन्नाले सहिद रघुगंगा गाउँ पालिकासम्झनु पर्छ ।

(ङ) "गाउँ शिक्षा अधिकारी" भन्नाले सहिद रघुगंगा गाउँ पालिकाका शिक्षा शाखा प्रमुखको रुपमा कार्यरत पदाधिकारी सम्झनु पर्छ ।

(च) "आधारभूत शिक्षा परीक्षा" भन्नाले आधारभूत तहको अन्तमा लिइने परीक्षालाई सम्झनु पर्छ ।

(छ) “परीक्षा समिति” भन्नाले यस कार्यविधिको दफा ६ अनुसार गठित आधारभूत शिक्षा परीक्षा समिति समभ्कनुपर्छ

(ज) “परीक्षण केन्द्र” भन्नाले आधारभूत शिक्षा परीक्षाको उत्तर पुस्तिका परीक्षणका लागि तोकिएको केन्द्र सम्भ्कनु पर्छ ।

(झ) “परीक्षा केन्द्र” भन्नाले आधारभूत शिक्षा परीक्षा सञ्चालनका निम्ति तोकिएका परीक्षा केन्द्रहरुसम्भ्कनु पर्छ ।

(ञ) “केन्द्राध्यक्ष” भन्नाले आधारभूत शिक्षा परीक्षा सञ्चालनका निम्ति तोकिएको परीक्षा केन्द्र प्रमुख वा सम्बन्धीत विद्‍यालयको प्र अ सम्भ्कनु पर्छ ।

(ट) “गाउँ शिक्षा शाखा” भन्नाले सहिद रघुगंगा गाउँ पालिका अन्तर्गतको शिक्षा सम्बन्धि कार्य गर्ने शाखा सम्भ्कनु पर्छ ।

(ठ) “विद्यालय” भन्नाले विद्यमान ऐन, नियम बमोजिम स्थापना भई सञ्चालनमा रहेका अनुमतिप्राप्त वा स्वीकृति प्राप्त विद्यालयहरु सम्भ्कनु पर्छ ।

## परिच्छेद : दुई

## परीक्षाको आवेदन, रजिष्ट्रेशन र प्रवेश पत्र सम्बन्धी व्यवस्था

### ३) रजिष्ट्रेशन आवेदन फाराम भर्नुपर्ने :

(१)प्रत्येक विद्यालयले आफ्नो विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको आधारभूत शिक्षा परीक्षामा सहभागिताका लागि अनुसूची -१ अनुसारको रजिष्ट्रेशन आवेदन फाराम भराई गाउँ  शिक्षा शाखामा पेश गर्नु पर्ने छ ।

(२) रजिष्ट्रेशन आवेदन फाराम भर्नका लागि देहायको शर्त पूरा गरेको हुनु पर्ने छ :

(क) विद्यमान व्यवस्था अनुसार औपचारिक विद्यालय शिक्षा वा खुला शिक्षा वा अनौपचारिक शिक्षा पद्धतिबाट आवेदकले कक्षा ७ को अध्ययन पूरा गरी कक्षा आठमा अध्ययनरत रहेको हुनुपर्ने छ ।

(ख) परीक्षाको आवेदनसाथ कक्षा ७ को मार्कसीट वा ग्रेड सीट र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी तथा तोकिएको परीक्षा शुल्क बुझाएको नगदी रसिद वा बैंक भौचर वा अन्य कुनै निस्सा अनिवार्य रुपमा पेश गरेको हुनुपर्ने छ ।

(ग) परीक्षा रजिष्ट्रेशन आवेदन फाराम शैक्षिक सत्र शुरु भएको तिन महिनाभित्र पेश गरिसक्नु पर्ने छ । तर यो कार्यविधि शुरु भएको एक बर्षभित्र हुने आधारभूत शिक्षा परीक्षा आवेदन फाराम भराई यो कार्यविधि जारी भएको मितिले तीस दिनभित्र गाउँ शिक्षा शाखामा पेश गर्न सकिने छ ।

(घ) आवेदन दिने विद्यार्थीको उमेर जुन सालमा आधारभूत शिक्षा परीक्षामा सामेल हुने हो सो बर्षको चैत्र मसान्तसम्ममा कम्तिमा बाह्र बर्ष पूरा भएको हुनु पर्ने छ ।

(३) विद्यमान कानुन बमोजिम स्थापना भई सञ्चालन भइरहेका सामुदायिक विद्यालय, संस्थागत विद्यालय, परम्परागत धार्मिक विद्यालय, अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, बैकल्पिक विद्यालय, विशेष विद्यालयले आवेदन फाराम भराउनु पर्ने छ ।

**५) रजिष्ट्रेशन नम्बर कायम गर्ने :**

(१) गाउँ शिक्षा शाखामा पेश हुन आएका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको परीक्षा आवेदन फाराम जाँचबुझ गाउँ शिक्षा शाखाले गरी विद्यार्थीको रजिष्ट्रेशन नंबर कायम गर्ने छ ।

(२)गाउँ  शिक्षा शाखाले रजिष्ट्रेशन नम्बर कायम गरेको जानकारी प्रत्येक विद्यालयलाई दिनु पर्ने छ ।

(३) गाउँ शिक्षा शाखाले रजिष्ट्रेशन नम्बर कायम भएका विद्यार्थीहरुको परीक्षाको रोल नम्बर सहितको प्रवेश पत्र उपलब्ध गराउनु पर्ने छ

## परिच्छेद : तीन

## परीक्षा समिति सम्बन्धी व्यवस्था

**६) परीक्षा समन्वय समिति**

परीक्षा समन्वय समितिमा देहाय बमोजिम हुनेछ ।

क) संयोजक          गाउँपालिका अध्यक्ष
ख) सदस्य            गाउँपालिका उपाध्यक्ष
ग) सदस्य            प्रमुख प्रशासकीय अधिकृत
घ) सदस्य            सामाजकि समितिको संयोजक
ङ) सदस्य सचिब   परीक्षा समितिको संयोजक

समन्वय समितिले आवश्यकता अनुसार परीक्षा समितिलाई निर्देशन दिन सक्नेछ । साथै गाउँपालिका भित्र सञ्चालित  परीक्षाको अनुगमन गर्नेछ ।

७) परीक्षा समितिको गठन :

(१) परीक्षा समितिको गठन देहाय बमोजिम हुने छ :

(क) गाउँ शिक्षा अधिकारी ..................................संयोजक

(द्रष्टव्य : गाउ शिक्षा अधिकारीको व्यवस्था नभएसम्मको लागि गाउ शिक्षा अधिकारीको कार्य गर्न स्रोत व्यक्तीलाइ तोक्न सक्नेछ )

(ख) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट परीक्षा समितिको शिफारिसमा गाउँ पालिका अध्यक्षबाट मनोनित दुई जना ....... सदस्य

(ग) आधारभूत र माध्यमिक प्रत्येक तहबाट प्रतिनिधित्व हुने गरी विद्यालयका स्थायी शिक्षकहरु मध्येबाटपरीक्षा समितिले मनोनित गरेको कम्तिमा एक जना महिला सहित दुई जना शिक्षक ..................सदस्य

(घ) स्रोतव्यक्ति .....................सदस्य

(ङ) स्रोतव्यक्ति .....................सदस्य सचिव

(२) परीक्षा समितिका मनोनित सदस्यहरुको पदावधि दुइ बर्षको हुने छ ।

(३) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

(४) परीक्षा समितिको सचिवालय गाउँ पालिकाको शिक्षा शाखामा रहने छ ।

७) परीक्षा समितिको काम, कर्तव्य र अधिकार

(१) परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) परीक्षा केन्द्र निर्धारण गर्ने,

(ख) स्वच्छ, मर्यादित, भयरहीत वातावरणमा व्यवस्थित ढंगले परीक्षा सञ्चालन गर्ने,

(ग) आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,

(घ) उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण सम्बन्धी कार्य गर्ने, गराउने,

(ङ) परीक्षाफल प्रकाशन गर्ने, परीक्षार्थीहरुलाई प्रगति विवरण वा प्रमाणपत्र वा ग्रेडसीट उपलब्ध गराउने,

(च) परीक्षा सम्बन्धी विभिन्न कार्यमा संलग्न कर्मचारीहरुका लागि पारिश्रमिक तोक्ने,

(छ) परीक्षा सञ्चालनको लागि केन्द्राध्यक्ष नियुक्त गर्ने,

(ज) आधारभूत शिक्षा परीक्षा सञ्चालन अनुगमन तथा व्यवस्थापन सम्बन्धमा अन्य कार्य गर्ने ।

(२) परीक्षा समितिले आधारभूत तहको अन्तमा लिइने कक्षा ८ को आधारभूत शिक्षा परीक्षा सञ्चालन गर्नुको अतिरिक्त विद्यालयस्तरमा लिइने आधारभूत तहका अन्य कक्षाहरुका आवधिक परीक्षा र निरन्तर मूल्यांकन पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई विद्यालयहरुलाई निर्देशन दिन सक्ने छ ।

(३) गाउँ पालिका स्तरीय परीक्षा तथा आधारभुत तहको परीक्षा संचालनको लागि प्रत्येक शैक्षिक सत्रको अन्त्यतिर प्रश्न बैंक निर्माण गर्न कार्यशाला संचालन गरिनेछ ।

## परिच्छेद : चार

## प्रश्नपत्र निर्माण तथा परिमार्जन

**८) प्रश्नपत्र निर्माण गर्ने :**

(१) आधारभूत शिक्षा परीक्षाको लागि प्रश्नपत्र निर्माण गर्दा देहायका आधारहरुलाई ख्याल गर्नु पर्ने छ :

(क) कक्षा ८ को विषयगत पाठ्यक्रमका आधारमा स्तरीय प्रश्न निर्माण गर्नुपर्ने,

(ख) पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएको कक्षा ८ को विषयगत विशिष्टीकरण तालिका अनुरुप प्रश्नपत्र निर्माण गर्नुपर्ने,

(ग) प्रश्नपत्र निर्माण सम्बन्धी कार्य गोप्य रुपमा गर्नुपर्ने ।

(घ) स्थायी शिक्षकलाई प्रश्न निर्माण कार्यमा प्राथमिकता दिनुपर्ने ।

(२) गाउँ पालिका क्षेत्रका विद्यालयका कक्षा ८ मा अध्यापनरत शिक्षकहरु मध्येबाट विषयगत शिक्षक छनोट गरी प्रश्नपत्र निर्माण गर्न लगाइने छ । यसरी प्रश्नपत्र निर्माण गर्दा अनुभव र गोप्यताका आधारमा प्राथमिकता दिईने छ ।

(३) प्रत्येक विषयको कम्तिमा दुई सेट प्रश्न पत्र निर्माण गरिने छ ।

(४) विषयगत शिक्षकहरुबाट निर्मित प्रश्नपत्रहरु संकलन तथा सुरक्षा सम्बन्धी कार्य परीक्षा समितिको सचिवालयले गर्ने छ ।

<u>९) प्रश्नपत्रको परिमार्जन गर्ने :</u>

(१) प्रश्नपत्र निर्माताले निर्माण गरेका सबै विषयका प्रश्नहरुका समानान्तर सेटबाट छनोट गरी प्रश्नपत्र परिमार्जन गरिने छ ।

(२) प्रश्नपत्र परिमार्जन गरिसकेपछि टाइप, सम्पादन र छपाइ कार्य परीक्षा समितिको निर्देशनमा परीक्षा समितिको सचिवालयले गर्ने छ ।

<u>१०) प्रश्नपत्र निर्माता र परिमार्जनकर्ताको छनोट र नियुक्ति गर्ने :</u>

(१) परीक्षा समितिले बनाएको मापदण्डका आधारमा प्रश्नपत्र निर्माता र प्रश्नपत्र परिमार्जनकर्ता छनोट गर्ने र उनीहरुलाई नियुक्ति दिने कार्य परीक्षा समितिल गर्ने छ ।

(२) प्रश्नपत्र निर्माता र परिमार्जनकर्तालाई नियुक्ति दिँदा कार्यसम्पन्न गर्ने समयावधि समेत स्पष्टसँग तोक्नुपर्ने छ ।

(३) प्रश्नपत्र निर्माता र परिमार्जनकर्ताले तोकिएको समयभित्र आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्नुपर्नेछ ।

(४) यस दफाको उपदफा (२) बमोजिमको समयावधिभित्र कार्य सम्पन्न नगर्ने,प्रश्नपत्रको गोपनियता पालना नगर्ने प्रश्नपत्र निर्माता वा प्रश्नपत्र परिमार्जनकर्तालाई नियुक्त गर्ने अधिकारीले कारबाही गर्न सक्नेछ। यस्तो अवस्थामा तत्काल प्रश्न निर्माण र परिमार्जनका लागि वैकल्पिक व्यवस्था गर्नु पर्ने छ।

(५) पश्नपत्र परिमार्जन कर्ताले बढीमा १० प्रतिशतसम्म प्रश्नहरु परिमार्जन गर्न सक्नेछ।

## परिच्छेद : पाँच

## केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक र अन्य कर्मचारी सम्बन्धी व्यवस्था

**११) केन्द्राध्यक्ष नियुक्त गर्ने :**

(१) परीक्षा समितिको निर्णय अनुसार केन्द्राध्यक्ष नियुक्त गरिने छ।

(२) केन्द्राध्यक्ष नियुक्ति गर्दा परीक्षा केन्द्र रहेकै विद्यालयका प्रधानाध्यापकलाई प्राथमिकता दिइने छ।

(३) परीक्षा व्यवस्थापनमा प्रतिकुल असर पार्ने अमर्यादित कार्य गरेमा केन्द्राध्यक्षलाई परीक्षा समितिले जिम्मेवारीवाट  हटाई वैकल्पिक व्यवस्था गर्न सक्ने छ।

**१२) सहायक केन्द्राध्यक्ष र अन्य कर्मचारी नियुक्ति गर्ने :**

(१) परीक्षा सञ्चालनका लागि आवश्यक सहायक केन्द्राध्यक्ष, निरीक्षक र अन्य आवश्यक कर्मचारीको नियुक्ति केन्द्राध्यक्षले गर्ने छ।

(२) परीक्षा व्यवस्थापनमा प्रतिकुल असर पार्ने अमर्यादित कार्य गरेमा केन्द्राध्यक्षले सहायक केन्द्राध्यक्ष वा अन्य कर्मचारीलाई जिम्मेवारीबाट हटाई वैकल्पिक व्यवस्था गर्न सक्ने छ।

**१३) केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) परीक्षा केन्द्रमा भयरहीत वातावरण कायम गरी परीक्षा मर्यादित एवम् व्यवस्थित ढंगले सञ्चालन गर्ने,

(ख) परीक्षा सञ्चालनमा बाधा पुग्ने वा परीक्षाको वातावरण खल्बल्याउने खालका अमर्यादित कार्य गर्ने व्यक्तिलाई कारबाही गर्ने,

(ग) परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने सहायक केन्द्राध्यक्ष, निरीक्षक र अन्य कर्मचारी नियुक्त गर्ने,

(घ) परीक्षा समितिको निर्देशन बमोजिम समयमा परीक्षा शुरु गर्ने, परीक्षा सञ्चालन गर्ने, उत्तरपुस्तिका संकलन गरी सुरक्षितसाथ परीक्षा समितिले तोकेको ठाउँमा बुझाउने ।

(ङ) परीक्षाको अनुगमनको क्रममा अनुगमनकर्ताले दिएका सुझावहरु कार्यान्वयन गर्ने, गराउने ।

(च) परीक्षा समितिले तोकेका अन्य कार्य गर्ने ।

(२) केन्द्राध्यक्षलाई परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कुनै जटिलता आइपरेमा सोको जानकारी तत्काल परीक्षा समितिलाई गराउनु पर्ने छ । आइपरेको जटिलताका विषयमा परीक्षा समितिले आवश्यक निर्देशन दिनु पर्ने छ । निर्देशन प्राप्त भए पछि केन्द्राध्यक्षले सोही बमोजिम गर्नु पर्ने छ ।

## परिच्छेद : छ

## उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण

### १४) उत्तर पुस्तिका परीक्षण गराउने :

(१) आधारभूत शिक्षा परीक्षाको उत्तर पुस्तिका संकलन भइसकेपछि परीक्षण केन्द्र तोकी उत्तर पुस्तिका परीक्षण गराइनु पर्ने छ ।

(२) उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण गर्नु अघि कोडिङ र परीक्षण एवम् सम्परीक्षण गरिसके पछि डिकोडिङ सम्बन्धी व्यवस्था परीक्षा समितिको निर्णय बमोजिम गरिने छ ।

(३) उत्तर पुस्तिका परीक्षकको नियुक्ति परीक्षा समितिले गर्ने छ ।

१५) उत्तर पुस्तिका सम्परीक्षण गर्ने :

(१) परीक्षण गरिएका उत्तर पुस्तिकाहरु सम्परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(२) सम्परीक्षण गर्दा कम्तिमा दश प्रतिशत उत्तर पुस्तिकाहरु पुरै परीक्षण गर्नु पर्ने छ । अन्य उत्तर पुस्तिकाहरुमा दिइएको अंक र तिनीहरुको योगफल परीक्षण गर्नु पर्ने छ ।

(३) उत्तर पुस्तिका सम्परीक्षकको नियुक्ति परीक्षा समितिले गर्ने छ ।

परिच्छेद : सात

नतिजा तयारी, नतिजा प्रकाशन र प्रमाणपत्र वितरण

१६) परीक्षाको नतिजा तयारी गर्ने :

(१)परीक्षा समितिले आधारभूत शिक्षा परीक्षाको नतिजा तयारी गर्न लगाउने छ । नतिजा तयारीका निम्ति परीक्षा समितिको निर्देशन अनुसार विद्यालयले आवश्यक सहयोग उपलब्ध गराउनु पर्ने छ ।

(२) नतिजा तयारी गर्दा एकल विषय प्रमाणीकरणको मान्यता अनुसार नेपाल सरकार, राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्बाट स्वीकृत *विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२* (संशोधन सहित) अनुसार गर्नु पर्ने छ तर अंकन पद्धति अनुसार नतिजा प्रकाशन गर्न समेत बाधा परेको मानिने छैन ।

(३) नतिजा तयारी सम्बन्धी अन्य व्यवस्था परीक्षा समितिको निर्णयानुसार हुने छ ।

१७) परीक्षाको नतिजा प्रकाशन गर्ने :

(१) आधारभूत शिक्षा परीक्षाको नतिजा तयार पारिसकेपछि परीक्षा समितिले नतिजा प्रकाशन गर्ने छ ।

(२) यसरी नतिजा प्रकाशन गर्दा दफा (१६) को उपदफा (२) बमोजिम गर्नु पर्ने छ ।

१८) ग्रेड सिट वा लब्धांक पत्र वितरण गर्ने :

(१) परीक्षामा सामेल भएका सम्पूर्ण विद्यार्थीहरुलाई लब्धाङ्क पत्र वा ग्रेड सिट वितरण गर्नु पर्ने छ ।

(२) परीक्षाको लब्धाङ्क पत्रवा ग्रेड सिट  परीक्षा समितिको सचिवालयले विद्यालयलाई पठाउने छ । विद्यालयहरुले आफ्ना विद्यार्थीहरुको लब्धाङ्क पत्रवा ग्रेड सिटवितरण गर्ने छन् ।

**१९) प्रयोगात्मक परीक्षाको नतिजा उपलब्ध गराउनु पर्ने :**

(१) नतिजा तयारीका निम्ति विद्यालयले प्रयोगात्मक परीक्षाको लब्धांक परीक्षा संचालन हुनुभन्दा कम्तिमा ७ दिन अगाडी गाउँपालिकाको गाउँशिक्षा शाखामा बुझाउनु पर्ने छ ।

(२) कुनै विद्यालयले प्रयोगात्मक परीक्षाको नतिजा समयमै उपलब्ध नगराएमा त्यस्तो विद्यालयको नतिजा स्थगित गरी परीक्षा समितिले विद्यालयलाई कारबाही गर्न सक्ने छ ।

(३) विद्यार्थीले प्राप्त गरेको प्रयोगात्मक परीक्षाको नतिजाका प्रमाणहरु परीक्षा समितिले छड्के जाँच गर्न सक्ने छ । प्रयोगात्मक कार्यको प्रमाण र विद्यार्थीको प्राप्तांकबिच तालमेल नमिलेको पाइएमा परीक्षा समितिको निर्णय अनुसार त्यस्तो मूल्यांकन गर्ने मूल्यांकनकर्तालाई कारबाही गर्न सकिने छ ।

(४) प्रयोगात्मक परीक्षा विद्यालय आफैले योजना गरी अनुकुलता अनुसार जुन सुकै समयमा सञ्चालन गर्न सक्ने छ ।

## परिच्छेद : आठ

## परीक्षाको अनुगमन सम्बन्धी व्यवस्था

**२०) परीक्षाको अनुगमन गर्ने :**

(१) परीक्षा समितिले आधारभूत शिक्षा परीक्षाको लागि अनुगमनकर्ता तोक्ने छ ।

(२) यस दफाको उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि, गाउँ कार्यपालिका र गाउँ पालिकाको शिक्षा शाखाका कर्मचारीहरुले परीक्षाको अनुगमन गर्न सक्ने छन् ।

(३) गाउँ पालिकाबाट हुने अनुगमन कर्ता तथा पदाधिकारीहरुको पारिश्रमिक कार्यपालिका स्वयंले भुक्तानी गर्ने व्यवस्थागर्नेछ ।

(३) यस दफाको उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयबाट परीक्षाको अनुगमन गर्न कुनै बाधा पर्ने छैन ।

२१) अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने :

(१) परीक्षा समितिले जिम्मेवारी दिएर परीक्षाको अनुगमनमा खटिएका सम्पूर्ण अनुगमनकर्ताले अनुगमन प्रतिवेदन परीक्षा समितिको सचिवालयमा अनिवार्य पेश गर्नुपर्ने छ ।

(२) यस कार्यविधिको दफा २० को उपदफा (३) अनुसार नेपाल सरकारका विभिन्न निकायहरुबाट गरिने अनुगमनको प्रतिवेदन तत् तत् निकायहरुले परीक्षा समितिलाई उपलब्ध गराउन सक्ने छन् ।

## परिच्छेद : नौ

## विविध

२२) परीक्षा शुल्क तिर्नुपर्ने :

(१) परीक्षामा सामेल हुने संस्थागत विद्यालयले परीक्षा समितिले तोके बमोजिमको परीक्षा शुल्क तिर्नु पर्ने छ । तर सामुदायिक विद्यालयले भने परीक्षा शुल्क तिर्नुपर्ने छैन । विद्यार्थीबाट परीक्षा शुल्क लिन पनि पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको शुल्क परीक्षा समितिले तोकेको बैंकको खातामा वा गाउँ पालिकाको आर्थिक प्रशासन शाखामा नगदै जम्मा गर्न सकिने छ ।

२३) परीक्षामा खटिने कर्मचारीहरुलाई पारिश्रमिक उपलब्ध गराउने :

(१) परीक्षामा खटिने प्रश्नपत्र निर्माता, प्रश्नपत्र परिमार्जनकर्ता, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, उत्तर पुस्तिका परीक्षक, उत्तर पुस्तिका सम्परीक्षक, अनुगमनकर्ता लगायतका कर्मचारीहरुलाई परीक्षा समितिले निर्धारण गरे बमोजिमको पारीश्रमीकको सिफारीस गाउँ कार्यपालिकामा गाउँ शिक्षा शाखाले पेश गर्नेछ ।

(२) यस दफाको उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि गाउँ सभाले पारिश्रमिक निर्धारण नगरेसम्म परीक्षा संचालन अनुगमन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण खर्च गाउँ कार्यपालिकाले व्यवस्था गर्ने छ ।

२४) कक्षा नौ मा भर्नाका लागि आधार लिनुपर्ने :

(१) आधारभूत शिक्षा परीक्षामा सहभागी भई लब्धाङ्क पत्र वा ग्रेड सीट र प्रमाणपत्र प्राप्त गरेका विद्यार्थीहरुले कक्षा नौमा भर्ना हुनका लागि नेपाल सरकार शिक्षा मन्त्रालयबाट निर्धारित मापदण्ड पूरा गरेको हुनु पर्ने छ ।

२५) ग्रेड बृद्धि परीक्षा सञ्चालन गर्न सक्ने :

(१) विद्यमान कानुनी व्यवस्थाको प्रतिकुल नहुने गरी परीक्षा समितिले आवश्यकता अनुसार ग्रेड बृद्धि परीक्षाको व्यवस्था गर्न सक्ने छ ।

२६) विवरण उपलब्ध गराउनु पर्ने :

(१) आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक विवरण तथा तथ्यांकहरु सम्बन्धित विद्यालयले परीक्षा समितिको सचिवालयमा उपलब्ध गराउनु पर्ने छ ।

(२) आधारभूत शिक्षा परीक्षा सम्बन्धी कार्य गर्नका लागि जिल्ला शिक्षा कार्यालयमा संकलित विवरण, फाराम, तथ्यांकहरु जिल्ला शिक्षा कार्यालयले गाउँ पालिकालाई उपलब्ध गराउनु पर्ने छ । यसका लागि गाउँ पालिकाको शिक्षा शाखाले विवरण माग गरी पठाउने छ ।

**२७) विवरण तथा तथ्यांकहरुअद्यावधिक गराइ राख्ने :**

(१) यस अघि जिल्ला शिक्षा कार्यालयमा रहेका सो कार्यालयबाट हस्तान्तरण गरिएका विवरण तथा तथ्यांकहरु गाउँ पालिकाको शिक्षा शाखाले अद्यावधिक गराइ राख्नु पर्ने छ ।

(२) आधारभूत शिक्षा परीक्षा सम्बन्धी विभिन्न विवरण, तथ्यांक लगायतका कुराहरुको अभिलेख तयार पार्ने र आवश्यकता अनुसार अद्यावधिक गर्ने दायित्व शिक्षा शाखाको हुने छ ।

२८) बाधा अड्काउ फुकाउ : यस कार्यविधी उपर कुनै प्रश्न उठेमा अन्तीम निर्णय गर्ने अधिकार परीक्षा समितिमा निहित हुनेछ ।

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत